"न्यायपालिकाको स्वतन्त्रता, न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बागलुङ जिल्ला अदालत

## बागलुङ

पत्र संख्या:- ०७७/७८
चलानी नः- १६२३

प्रशासन शाखा

गण्डकी प्रदेश
मितिः-२०७८/३।२५

## सेवा प्रवाह सम्वन्धी सूचना !

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्टसहितको कोरोना भाईरस (Covid-19) को संक्रमणका कारण न्यायका उपभोक्ता तथा कार्यरत जनशक्तिसमेतको स्वास्थ्य सुरक्षाको संवेदनशीलतालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ गते जारी प्रेस विज्ञप्ति एवं जिल्ला प्रशासन कार्यालय, बागलुङले मिति २०७८।१।२१ गतेदेखि लागु हुने गरी पटकपटक गरी मिति २०७८।३।२५ गतेसम्म निषेधाज्ञा जारी गरेको अवस्थामा यस अदालतबाट समेत पटकपटक सेवा संकुचन सम्वन्धी सूचना जारी भएकोमा जिल्ला प्रशासन कार्यालय, बागलुङबाट मिति २०७८।३।२४ मा प्रकाशित सूचनानुसार मिति २०७८।४।०४ गतेसम्म सरकारी कार्यालयहरुले जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सेवा प्रवाह गर्ने गरी निषेधाज्ञाको अवधि जारी राखेको अवस्थालाई मध्यनजर राख्दै यस अदालतबाट यसभन्दा अगाडिका सूचनानुसार स्थगन गरिएका सेवाहरु मध्ये नेपाल सरकारले तोकेको सुरक्षाका मापदण्डहरु अपनाइ तपसील बमोजिमका सेवाहरु मिति २०७८।३।२७ गतेदेखि अर्को सूचना जारी नहुने वेलासम्मका लागि थप गरी सञ्चालन गरिने बेहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख नगुज्रने बेहोरासमेत अनुरोध छ।

..................
(सूर्यप्रसाद भण्डारी)
सेस्तेदार

### थप गरी सञ्चालन गरिने सेवाहरु

१. तारेखमा रहेका वादी, प्रतिवादी वा निजहरुको प्रतिनिधि/वारेस तारेखमा उपस्थित भएमा तारेख प्रदान गरिने ।
२. फिराद, प्रतिउत्तर लगायतका अदालतमा दर्ता हुने लिखतहरु दर्ता गरिने, रिट निवेदनको सुनुवाइ र मुद्दा मिलापत्रसमेत गरिने ।
३. पक्ष, कानुन व्यवसायी उपस्थित हुन सक्ने मुद्दाहरुको सुनुवाइ ।
४. ३ दिन भित्रको कोरोना भाइरस (Covid-19) PCR Report Negative / Antigen Test Report Negative भएका फरार अभियुक्तको बयान तथा थुनछेक कार्य ।
५. यस अघि प्रकाशित सूचनामा तोकिए बमोजिमका कार्यहरु ।
६. सेवाका लागि यस अदालतभित्र प्रवेश गर्नुहुने सेवाग्राहीहरुले पूर्णरुपमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्नुपर्नेछ।

☎ ०६८-५२०२४२ मेलमिलाप गरौ, विवाद नबढाऔं । Email:info.dcbaglung@supremecourt.gov.np
"असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध छ ।"admin.dcbaglung@supremecourt.gov.np
website:- "http://www.supremecourt.gov.np/court/baglungdc"